नेपाल सरकार

# गृह मन्त्रालय

(नीति, योजना, अनुगमन तथा मुल्यांकन महाशाखा)

पत्र संख्याः- ०७८/७९

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल।

मितिः २०७८/०५/२२

आ.व. २०७७/७८ को वार्षिक कार्यसम्पादन सम्झौता मुल्याङ्कनको नतिजा सम्वन्धमा ।

देशमा शान्ति, सुरक्षा, सुव्यवस्था, अमनचयन र स्थिरता कायम गर्नु गृह प्रशासनको मुलभूत कार्य हो । अपराध नियन्त्रण, विपद् व्यवस्थापन, मानव अधिकारको संरक्षण, लैङ्गिक हिंसा न्यूनीकरण, सार्वजनिक सेवा प्रवाह मार्फत कानूनी राज्य तथा सुशासनको प्रत्याभूति दिलाउनु यस मन्त्रालय र अन्तर्गतका निकायको कार्यक्षेत्र भित्र पर्दछन् । नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ अनुसारको कार्यहरु मन्त्रालय, विभाग, सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयबाट हुँदै आएको छ । नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाउँदैं राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने विषय उल्लेख भएको छ । यसै गरि निजामती सेवा ऐन तथा नियमावली, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐनमा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउन सार्वजनिक निकायका पदाधिकारीसँग कार्यसम्पादन सम्झौता गर्न सक्ने प्रावधान रहेको छ । गृह प्रशासन सुधार कार्ययोजना, २०७४ मा समेत विभागीय प्रमुख र कार्यालय प्रमुखसँग कार्यविवरण र सूचकहरु तयार गरी कार्यसम्पादन सम्झौता गराई काममा खटाउन सक्ने व्यवस्था उल्लेख गरिएको छ ।

उल्लेखित कार्यक्षेत्र तथा कानूनी प्रावधान भित्र रही गृह मन्त्रालयमा वि.स. २०७५ देखि मन्त्रालयका सचिव र प्रमुख जिल्ला अधिकारीहरु बीच कार्यसम्पादन सम्झौता गरी सोको वार्षिक मुल्याङकन पद्धति विकास गरी कार्यान्वयनमा ल्याइएको छ। सोही व्यवस्थालाई आ.व. २०७७/७८ मा समेत निरन्तरता दिदैं गृह सचिव र सबै प्रमुख जिल्ला अधिकारीहरु सँग वार्षिक कार्यसम्पादन सम्झौता कार्यान्वियन भइ मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखाबाट सोको मुल्याङ्कन कार्य सम्पन्न भएको छ । मुल्याङ्कन गर्दा कार्यसम्पादन सम्झौताको ६ वटा विषयगत क्षेत्रहरु शान्ति सुरक्षा र अपराध नियन्त्रण, सुशासन र सेवा प्रवाह, लागु औषध नियन्त्रण, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन, विकास निर्माण अनुगमन र समन्वय/सदाचार र आर्थिक अनुशासन सँग सम्वन्धित कार्यसम्पादनको समग्र मापनका आधारमा क्रमशः झापा, अर्घाखाँची र रुकुम (पूर्व) जिल्लाहरु अति उत्कृष्ट कार्यसम्पादन सहित प्रथम, ललितपुर र रुकुम(पश्चिम) जिल्लाहरु उत्कृष्ट कार्यसम्पादन सहित द्धितीय र गुल्मी जिल्ला तृतीय स्थानमा रहेका छन् । कार्यसम्पादनमा अव्बल देखिएका उपरोक्त जिल्लाहरुलाइ प्रदेशस्तरिय सुरक्षा गोष्ठीका अवसरमा सम्मान गरिने छ । त्यसै गरि उत्कृष्ट कार्यसम्पादन स्तर भएका अन्य जिल्लाहरु ११ वटा रहेका छन । उत्तम, मध्यम र न्यून कार्यसम्पादन स्तर भएका जिल्लाहरु क्रमशः १८, २१ र २१ वटा रहेका छन् ।

(कमलराज ढकाल)

सहसचिव

ईमेल : mohaplanning@yahoo.com

फोन : ०१-४२११२६२, ०१-४२११२७७